# के.आई.सिंह गाउँपालिका
## K I Singh Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

वायल,डोटी
Wayal, Doti
सुदूरपश्चिम प्रदेश,नेपाल
Sudurpaschim Province, Nepal


**औषधि उपचार वापतको खर्च पाउनका लागि नविकरण तथा नँया दर्ता गर्ने सम्बन्धी सूचना !!**

**(सूचना नं. ०३/२०८३-०८४, मिति: २०८३/०४/१२)**

प्रस्तुत विषयमा यस गाँउपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराईरहेका, क्यान्सरका बिरामीहरु र मेरुदण्ड पक्षघाताका बिरामीहरुलाई औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम उपचार खर्च पाईरहेका नागरिकहरुले आर्थिक वर्ष २०८३/८४ मा उपचार खर्च पाउनका लागि यहि **श्रावण मसान्त** सम्म यस गाउँपालिकाको स्वास्थ्य शाखामा आएर तपसिल बमोजिमका आवश्यक कागजात सहित नविकरण तथा नयाँ दर्ता गर्न/गराउन हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**:

१. मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराईरहेको, मेरुदण्ड पक्षघात तथा क्यान्सर पहिचान भई हाल उपचार गराईरहेका नागरिकहरुले हाल उपचार गराइरहेको अस्पतालको प्रमाणीत बिरामी पुर्जा तथा अपाङ्ग परिचय पत्रको प्रतिलिपि/ ३ महिना भित्र फलोअफ गरेको अस्पताको बिरामी पुर्जाको प्रतिलिपी।

२. निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सक बाट प्रमाणीत प्रतिलिपी र अनुसूची २ बमोजिमको व्याक्तिगत निबेदन।

३. सम्बन्धीत वडा कार्यालयबाट कुनै पनि प्रकारको सामाजिक सुरक्षा भत्ता पाए/नपाएको व्यहोरा खुलेको सिफारिस पत्र।

४. राष्ट्रिय परिचय पत्र वा नेपाली नागरिकताको प्रतिलिपी।

५. नेपाली नागरिकता नभएकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी।

०८३/४/१२

.............................

**पुष्प राज भट्ट**

**नि. प्रमुख प्रशासकीय अधिकृत**